"कोशीका गौरव हिमालका शान,
पर्यटन वर्षमा सबैलाई सम्मान"

कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, झापा

भद्रपुर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

मिति : २०८२/१२/२०

पत्र सङ्ख्या : ०८२।८३

चलानी नम्बर : १५६२

विषय– सूचना पठाइएको सम्बन्धमा ।

श्री भद्रपुर नगरपालिका झापा ,
श्री मेचिनगर नगरपालिका झापा ,
श्री अर्जुनधारा नगरपालिका झापा ,
श्री विर्तामोड नगरपालिका झापा ,
श्री कन्काइ नगरपालिका झापा ,
श्री शिवसताक्षी नगरपालिका झापा ,
श्री गौरादह नगरपालिका झापा ,
श्री दमक नगरपालिका झापा ,
श्री बुद्धशान्ति गाउँपालिका झापा ,
श्री कमल गाउँपालिका झापा ,
श्री झापा गाउँपालिका झापा ,
श्री गौरीगञ्ज गाउँपालिका झापा ,
श्री हल्दिवारी गाउँपालिका झापा ,
श्री बह्रदशी गाउँपालिका झापा ,
श्री कचनकवल गाउँपालिका झापा ,

उपर्युक्त सम्वन्धमा यस कार्यालयबाट आ.ब.२०८२/८३ मा संञ्चालन हुने जनता आवास कार्यक्रम सम्वन्धी कार्यको लागि "कोशी जनता आवास सम्वन्धी मापदण्ड सहितको कार्यविधि ,२०८२ " को दफा ५ अनुसार आवास विहिन विपन्न पहिचानको लागि निवेदन पेश गर्ने सम्वन्धमा विषयको सूचना र निवेदन यसै पत्र साथ संलग्न राखि पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको र सम्वन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयलाइ जानकारी दिनहुन अनुरोध छ ।

ई राजेश्वर महत्तो
सिनियर डिभिजनल इन्जिनियर
(कार्यालय प्रमुख)

राजेश्वर महतो
सिनियर डिभिजनल इन्जिनियर

कोशी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

# पूर्वाधार विकास कार्यालय, झापा

भद्रपुर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

## सूचना सूचना सूचना

मिति – २०८२/१२/२०

उपर्युक्त सम्वन्धमा यस कार्यालयबाट आ.ब.२०८२/८३ मा संञ्चालन हुने जनता आवास कार्यक्रम सम्वन्धी कार्यको लागि "कोशी जनता आवास सम्वन्धी मापदण्ड सहितको कार्यविधि ,२०८२ " को दफा ५ अनुसार आवास विहिन विपन्न पहिचानको लागि अनुसूची -१ बमोजिमको ढाँचामा आफु आवास विहिन विपन्न परिवार भएको व्यहोरा निवेदन र स्वघोषणा सहितको विवरण तपसिल बमोजिमको प्रमाण कागजात संलग्न गरी मिति २०८२/१२/२९ गते सम्ममा यस कार्यालयमा दर्ता गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।उक्त निवेदन सम्वन्धीत प्रदेश सभा सदस्यको सचिवालयमा समेत उल्लेखित अवधि भित्र दर्ता गर्न सकिने छ र प्रदेश सभा सदस्यको सचिवालयमा प्राप्त निवेदन दर्ता आदेश गरी यस कार्यालयमा प्राप्त हुनेछ ।

तपसिल

१. निवेदन ( अनुसूची -१ बमोजिम ) ।
२. सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस ।
३. विपन्न रहेको भनी सम्बन्धित वडाको सिफारिस ।
४. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्वन्धी कागजात ।
५. नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी ।

**नोट – अनुसूचि -१ बमोजिमको निवेदन यस कार्यालयबाट उपलब्ध गर्न सकिने छ ।**

कार्यालय प्रमुख

फोन नम्बर ०२३-४५६३१९ ईमेल : idojhapa11@gmail.com

अनुसुची-१

(दफा ५ को उपदफा(२)सँग सम्बन्धित

**आवासविहिन विपन्नले भर्ने निवेदन**

मिति :- ............................

श्री पूर्वाधार विकास कार्यालय,

भद्रपुर, झापा।

**विषय :- जनता आवास माग गरिएको बारेमा।**

**निवेदकको विवरण**

१. निवेदकको नाम :-

२. ठेगाना :-

३. उमेर :-

४. लिङ्ग :-

५. आवास निर्माण हुने जग्गाको क्षेत्रफल (प्रतिव्यक्ति वर्गफिटमा) :-

६. ना.प्र.नं.:-

७. परिवारको संख्या (नामावली सहित) :-

८. अन्य

**संलग्न प्रमाण कागजातहरु**

१. विगतदेखि सम्बन्धित स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण वा स्थानीय तहको सिफारिस

२. विपन्न रहेको भनि सम्बन्धित वडाको सिफारिस

३. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात

४. अन्य

**स्वघोषणा**

१. एकासगोलमा रहेका परिवारका अन्य सदस्यहरुले कुनै पनि आवास माग नगरेको र पहिले सुविधा नलिएको।

२. नेपालमा आवासका लागि भवन नभएको।

३. आवासका लागि आफ्नै जग्गा रहेको वा जग्गा विहिन परिवारलाई स्थानिय तह वा अन्य कुनै निकाय वा ब्यक्ति वा कसैबाट जग्गा प्राप्त भएको।

४. आवासको लागि रहेको जग्गा विवादित नरहेको।

५. संघ, प्रदेश वा स्थानिय तहबाट यस्तै प्रकारका सुविधा प्राप्त गरेकोमा दोहोरो आवास सुविधा नपाउने।

**स्वघोषणा चेकलिष्ट**

| क्र.स. | विवरण | अवस्था | चिन्ह(√ ) लगाउने |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल(प्रतिव्यक्ति वर्गफिटमा)(घर भएमा) | ३० वा सो भन्दा कम | |
| | | ३१ वा ६० सम्म | |
| | | ६० भन्दा बढी | |
| २. | आवास निर्माण हुने जग्गा बाहेक हाल उपभोग रहेको जग्गा (प्रतिव्यक्ति वर्गफिटमा) | अन्यन्त्र जग्गा नभएको | |
| | | अन्यन्त्र जग्गा भएको | |
| ३. | घर भित्रको भुई | माटो | |
| | | ईटा,ढुङ्गा आदी | |
| | | सिमेन्ट | |
| ४. | घरको गारो | बाँस, चिरपट/कप्टेरो आदी वा त्यसमा पराल/स्याउलाको टाटी | |
| | | नमिलेको ढुंगाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ/फल्याक काँचो ईटामा माटोको जोर्नी मिलेको ढुंगाको गारो तथा पाकेको ईटामा माटो/सिमेन्टका जोर्नी | |
| ५. | घरको छानो | फुस,आसवेटस,स्याउला,प्लाष्टिक सिट आदी | |
| | | खपडा, टायल, टिन | |
| | | ढलान, कर्कट पाता | |
| ६. | जग्गाको स्वामित्व | लालपुर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा स्थानिय तहको सिफारिस (स्वबासी र विवाद रहित) | |
| | | नदी/ताल किनारामा बसोवास गरेको | |
| ७. | आय स्तर | १२ महिना खान पुग्ने | |
| | | ६-११ महिना खान पुग्ने | |
| | | ६ महिना भन्दा कम | |
| ८. | रोजगारीको अवस्था | स्थायी | |
| | | करार | |
| | | मौसमी कृषि/ औद्योगिक मजदुर | |
| ९. | घरमुलीको हकमा | अपाङ्गता भएका ब्यक्ति | |
| | | असक्त | |
| | | बृद्ध | |
| | | एकल महिला/पुरुष | |
| | | अनाथ बालवालिका | |

माथि लेखिएको ब्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

..................................................

हस्ताक्षर

निवेदकको नाम:-

सम्पर्क नं. :-